# महिला तथा बालिकाविरुद्ध भएका हिंसासम्बन्धी अध्ययन प्रतिवेदन

**जनवरी १ देखि डिसेम्बर ३१, २०१६**

१ सय ७ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा नेपालमा यो वर्ष "महिला सम्मानको आधारः सीपयुक्त हात र स्वरोजगार" भन्ने मूल नाराका साथ अन्तर्राष्ट्रिय महिला दिवस मनाइँदै छ। संयुक्त राष्ट्रसङ्घका विभिन्न महासन्धिहरूको पक्षराष्ट्र भएको नेपालमा महिलाहरूको अवस्था भने सन्तोषजनक मान्न सकिने अवस्थामा छैन। यद्यपि महिलासँग सम्बन्धित कानुनी प्रावधान एवम् राजनीतिक सहभागिताको अवस्थामा भने केही सुधार भएको छ। यति हुँदाहुँदै पनि नेपालका महिला विभिन्न खाले संरचनात्मक एवम् लैङ्गिक हिंसाबाट जसरी आक्रान्त हुँदै आएका छन् त्यो भने भयावह छ।

| जिल्ला | हत्या | घरेलु हिंसा | जम्मा |
|---|---|---|---|
| सप्तरी | | १६ | १६ |
| सल्यान | | २ | २ |
| सुर्खेत | | १६ | १६ |
| रुपन्देही | १ | ४ | ५ |
| बाँके | | १ | १ |
| सिन्धुली | | २ | २ |
| उदयपुर | | ७ | ७ |
| धनुषा | | २ | २ |
| **जम्मा** | १ | ५० | ५१ |

मानव अधिकार अनुगमन र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन गर्दै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले सन् २०१६ मा महिला तथा बालिकाविरुद्ध भएका हिंसात्मक घटनाहरूमा विगतको वर्ष भन्दा कमी आएको पाएन। यो अध्ययन प्रतिवेदन ७५ जिल्लाबाट प्राप्त घटनाहरूलाई इन्सेकले गरेको अभिलेखको आधारमा तयार पारिएको हो। प्रहरी वा अन्य निकायमा मिलापत्र भएका वा कानुनी उपचार प्राप्त भई टुङ्गिएका घटनाहरू भने यहाँ प्रस्तुत तथ्याङ्कमा समावेश गरिएको छैन।

नेपाली समाजमा भएको सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तन, मानिसमा वृद्धि भएको चेतनास्तर, साक्षरतामा भएको वृद्धि, कानुनी तथा प्रशासनिक संयन्त्रमा गरिएको सुधारका प्रयासले जनमानसमा महिलाप्रतिको दृष्टिकोणमा आएको परिवर्तन, समाज तथा घरभित्र गरिने व्यवहार र कानुनी संयन्त्रमा गरिएको सुधारले महिला हिंसाका घटना प्रकाशमा ल्याउन मद्दत पुगेको छ। यद्यपि निरन्तर रूपमा सार्वजनिक भइरहेका महिला हिंसा र ज्यादतीका घटनालाई अध्ययन गर्ने हो भने कानुनी र संरचनागत सुधारको आवश्यकतालाई भने नकार्न सकिँदैन।

| पीडित महिला सङ्ख्या (घटना प्रकारको आधारमा) | | |
|---|---|---|
| **घटनाको प्रकार** | **गैर राज्यपक्षबाट** | |
| | **महिला** | **जम्मा** |
| बेचबिखनको प्रयास | ७ | ७ |
| बोक्सीको आरोपमा | ३४ | ३४ |
| बलात्कार | २४२ | २४२ |
| बलात्कारको प्रयास | ९४ | ९४ |
| बहुविवाह | २२२ | २२२ |
| महिला बेचबिखन | ७२ | ७२ |
| पारिवारिक हिंसा | २२०१ | २२०१ |
| यौन दुर्व्यवहार | ३७ | ३७ |
| **जम्मा** | २९०९ | २९०९ |

इन्सेकले महिलाको मानव अधिकार अवस्थाको अनुगमन गर्ने क्रममा केही उल्लङ्घनका घटनामा अत्यन्त कम पीडित सङ्ख्या उल्लेख भएका छन्। जस्तैः सुरक्षित मातृत्वको अधिकार, असमान ज्याला, पारम्परिक विभेद, सुरक्षित यौन तथा प्रजनन अधिकार र वैवाहिक बलात्कारका पीडितको अभिलेखन हुन सकेको छैन। कतिपय अवस्थामा पीडितले नै घटना बाहिर ल्याउन नचाहने कारण पनि यस्ता पीडित तथ्याङ्कमा पर्न नसकेका हुन्।

सन् २०१६ मा गैरराज्य पक्षबाट भएका उल्लङ्घन तथा ज्यादतीका घटनामा २ हजार ९ सय ९ जना महिला पीडित भएको अभिलेख इन्सेकले गऱ्यो। जसमध्ये बेचबिखन प्रयासका सात, घरेलु हिंसाका २ हजार २ सय १, कथित बोक्सीको आरोपमा ३४, बलात्कारका घटनामा २ सय ४२, बलात्कार प्रयासका घटनामा ९४, यौन दुर्व्यवहारका घटनामा ३७ र बेचबिखनका घटनामा ७२ महिला पीडित भए।

देशभरका जिल्ला प्रहरी कार्यालयमातहत रहने महिला तथा बालबालिका सेवा केन्द्रमा दर्ता भएका अधिकांश घटनामा प्रहरीले मिलापत्र गरायो । घरेलु हिंसा नियन्त्रण तथा सजाय ऐनमा रहेको मेलमिलापसम्बन्धी व्यवस्थाअनुसार घरेलु हिंसाका घटनामा मिलापत्रलाई प्राथमिकता दिनुपरेको प्रहरी कार्यालयहरूले जनाए । यो ऐनको कमजोरीको फाइदा उठाउँदै जघन्यखालका घरेलु हिंसाका घटनामा पनि मेलमिलाप गर्ने परिपाटी यस वर्ष पनि कायम रह्यो । जसका कारण गम्भीरखालका हिंसासमेत भएको इन्सेकले अभिलेख गर्‍यो । त्यस्ता घटना हुन नदिन कानुनी प्रावधान विद्यमान रहे पनि तिनमा रहेका छिद्र तथा कार्यान्वयनको कमजोर अवस्थाका कारण महिला हिंसाका घटनामा कमी आउन सकेको छैन ।

## न्याय र कानुनी व्यवस्था

नेपालको संविधान, २०७२ ले मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको अधिकारको स्पष्ट रूपमा व्याख्या गरेको छ । सो धाराको (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुने (२) मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजननसम्बन्धी हक हुने (३) मा महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ (४) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ (५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ (६) मा सम्पत्ति तथा पारिवारिक मामिलामा

| पीडित महिला सङ्ख्या (क्षेत्रगत आधारमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| **घटनाको प्रकार** | **पूर्वाञ्चल** | **मध्यमाञ्चल** | **पश्चिमाञ्चल** | **मध्यपश्चिमाञ्चल** | **सुदूरपश्चिमाञ्चल** | **जम्मा** |
| बेचबिखनको प्रयास | | | | | ७ | ७ |
| बोक्सीको आरोपमा | १६ | ८ | | १० | | ३४ |
| बलात्कार | ७४ | ७८ | ३५ | ४७ | ८ | २४२ |
| बलात्कारको प्रयास | ३८ | २४ | १० | १६ | ६ | ९४ |
| बहुविवाह | ५९ | ८३ | २९ | ४२ | ९ | २२२ |
| महिला बेचबिखन | ५ | ३४ | १८ | ६ | ९ | ७२ |
| पारिवारीक हिंसा | ५९८ | ६५४ | ३०३ | २९५ | ३५१ | २२०१ |
| यौन दूर्व्यवहार | १६ | २ | ९ | ७ | ३ | ३७ |
| **जम्मा** | ८०६ | ८८३ | ४०४ | ४२३ | ३९३ | २९०९ |

दम्पतीको समान हक हुनेछ भन्ने व्यवस्था उल्लेख गरिएका छन् । यसैगरी, सम्मानपूर्वक बाँच्न पाउने, समानताको अधिकार, स्वतन्त्रताको अधिकार तथा यातना विरुद्धको हकको व्यवस्था गरिएका छन् । त्यस्तै, मुलुकी ऐन, घरेलु हिंसा (कसूर र नियन्त्रण) ऐन, २०६६, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ तथा बालबालिकासम्बन्धी ऐन, २०४८ मा रहेका विभिन्न प्रावधानमा महिला तथा बालिकामाथि हुने हिंसा अन्त्यका लागि आवश्यक कानुनी व्यवस्थाहरू रहेका छन् । साथै यिनै ऐन तथा कानुनमा दोषीमाथि कारबाही र पीडितलाई राहत दिने व्यवस्थासमेत छ । यद्यपि कतिपय घटनालाई हेर्ने स्पष्ट कानुनी व्यवस्था नहुनु, कानुनको पालना प्रभावकारी ढङ्गबाट नगरिनु र लामो सङ्क्रमणकालका कारण महिला तथा बालिकामाथि हुने गरेको हिंसा यौनजन्य अपराधमा कमी नआउनु मूल कारक हुन् । सबै समुदायमा महिलाहरूप्रति गरिने शारीरिक र मानसिक प्रताडना व्याप्त छ । लैङ्गिक विभेद समानता, विकास र शान्तिको बाधक हुन्छ । नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय कानुनले राज्य, समुदाय र पारिवारिक तहमा गरिने लैङ्गिक विभेदजन्य ज्यादतीलाई निषेध गरेको छ ।

नेपाल महिला, बालबालिकाउपर गरिने भेदभाव र ज्यादती विरुद्धका अन्तर्राष्ट्रिय कानुनको पक्षराष्ट्र भएकोले सन्धिजनित र घरेलु कानुन दुवैका हिसाबले त्यस्ता विभेद समाप्त गर्नु राज्यको दायित्व हो । नेपाल पक्षराष्ट्र भएका २४ ओटा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले महिला, बालबालिकाउपर हुने ज्यादतीलाई निषेध गर्छन् । नेपालमा विद्यमान घरेलु हिंसा, मानव बेचविखन र बोक्सीलगायत बलात्कार विरुद्धका कानुनहरू भए पनि तिनको प्रभावकारी कार्यान्वयन नहुँदा अपराधमा संलग्नहरूले सजिलै उन्मुक्ति पाउने गरेका छन् । इन्सेकले २०७२ पुस १७ देखि ०७३ पुस १६ सम्म गरेको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको अभिलेखअनुसार महिलाको अधिकारको रक्षा गर्ने दायित्व निर्वाह गर्ने कार्यमा राज्य सक्षम रहेको पाइएन । अंश र वंशको अधिकार स्थापित गराउन महिलाको सङ्घर्ष चलिरहेकै समयमा संविधानमा नागरिकतासम्बन्धी प्रावधानमा समानता हुन सकेको छैन । नेपालको संविधानले प्रत्याभूत गरेको प्रावधान र सर्वोच्च अदालतको फैसला विपरीत विभेदकारी प्रावधानयुक्त विधेयक व्यवस्थापिका संसद्मा सरकारले प्रस्तुत गरेकाले राज्य पक्ष विद्यमान विभेदकारी कानुनी प्रावधान हटाउन समेत सशक्त नरहेको देखिएको धारणा पनि सार्वजनिक भइरहेका छन् ।

**पीडित महिला सङ्ख्या (उमेरको आधारमा)**

| उमेर समूह | बेचबिखनको प्रयास | बोक्सीको आरोपमा | बलात्कार | बलात्कारको प्रयास | बहुविवाह | महिला बेचबिखन | पारिवारिक हिंसा | यौन दूर्व्यवहार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १८-२३ | ४ | २ | १०४ | ३१ | ५२ | ४० | ५६५ | ७ | ८०४ |
| २४-२९ | ३ | ३ | ५१ | २५ | ८८ | १६ | ६६३ | १० | ८५९ |
| ३०-३५ | | ७ | ३६ | २१ | ५८ | ६ | ५२१ | ८ | ६५६ |
| ३६-४१ | | ५ | ९ | ७ | १५ | ४ | २१९ | ४ | २६३ |
| ४२-४७ | | २ | १३ | ५ | ३ | ३ | ८७ | ४ | ११७ |
| ४८-५३ | | २ | ८ | ३ | ४ | ३ | ६४ | २ | ८६ |
| ५४-५९ | | ३ | ५ | | २ | | २९ | १ | ४० |
| ६०-६५ | | ६ | ६ | २ | | | ३१ | | ४५ |
| ६६-७१ | | ३ | ४ | | | | १५ | | २१ |
| ७२ | | १ | ६ | | | | ७ | १ | १५ |
| **जम्मा** | ७ | ३४ | २४२ | ९४ | २२२ | ७२ | २२०१ | ३७ | २९०९ |

## निष्कर्ष

महिला विरुद्ध हुने हिंसाका घटनालाई गम्भीर प्रकारको अपराधको रूपमा स्वीकार गरिएको भए पनि महिला र पुरुषबीच रहेको असमान शक्ति सन्तुलन, महिलाको आर्थिक परनिर्भरता, फितलो कानुनी व्यवस्था र कानुनको कमजोर कार्यान्वयन अवस्था रहिरहेसम्म यस किसिमको अपराधमा कमी आउँदैन । यद्यपि सबै सरोकारवालाहरूको संयुक्त प्रयास र कानुनको प्रभावकारी कार्यान्वयन गर्न सके महिलाविरुद्ध हुने यस किसिमका हिंसाका घटनालाई न्यूनीकरण गर्न भने अवश्य सकिन्छ । गरीबी, अशिक्षा र आर्थिक परनिर्भरतालाई घटाउन सके पनि महिलामाथि हुने हिंसाका घटनामा कमी ल्याउन सहायकसिद्ध हुनेमा दुई मत छैन । बलात्कार पीडित महिलालाई मनोसामाजिक परामर्शका साथै आवश्यकताअनुसार परिवार र समाजमा घुलमिल हुने वातावरण तयार गर्नुपर्ने अवस्था रहेको छ ।

महिलाहरू घरेलु हिंसाबाट प्रताडित भए पनि मेलमिलापको प्रावधानले गम्भीर घटनामा पनि ध्यान दिइने गरिएको छैन । घरायसी काम गर्दागर्दै, जङ्गलमा घाँस दाउरा लिन गएको बेलामा र घरमा एक्लै भएको मौका छोपेर अधिकांश बलात्कारजन्य अपराधहरू हुने गरेका छन् । स्थानीय स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई विशेष प्रकारको तालिम प्रदान गरी बलात्कारका घटनाको परीक्षण वैज्ञानिक तरिकाले गर्न सक्षम बनाउनु अति आवश्यक रहेको छ । महिलाको स्वास्थ्य र त्यसप्रतिको संवेदनशीलताप्रति राज्यको अक्षमता अर्को गम्भीर विषय हो । राज्य एक्लैले महिलामाथि हुने हिंसाका घटना र त्यसबाट सिर्जित हुने समस्याको समाधान गर्न कठिन छ । गैरसरकारी संस्था र राज्यका निकायका यति धेरै प्रतिबद्धताका बावजुद् पीडितको सङ्ख्या बढ्दै जानु गम्भीर

सरोकारको विषय हो । हुनतः यसबीचमा अपराध विरुद्ध उजुरी गर्ने चेतनामा पनि वृद्धि भएको छ । तर पनि स्थानीय प्रहरीमा पीडितलाई मेलमिलाप गर्न दबाब दिने र समाजमा पनि उल्टै पीडितलाई घटना ढाकछोप गर्न लगाउने प्रवृति कायम छ ।

**सुझावहरू**

- महिलामैत्री कानुन बनाउने सम्बन्धमा सर्वोच्च अदालतले गरेका आदेश र निर्देशनको पालना हुनुपर्ने ।
- कथित बोक्सीसम्बन्धी तथा कार्यस्थलमा दुव्यर्वहारसम्बन्धी कानुन प्रभावकारी रूपमा लागू गराउनुपर्ने ।
- छिटो न्यायका लागि द्रुत गतिका अदालत तथा पारिवारिक अदालतको गठन गर्नुपर्ने ।
- आत्महत्या गर्ने वातावरण बनाउने व्यक्तिलाई पनि सजायको व्यवस्था हुनुपर्ने
- घरेलु हिंसाका प्रकृतिअनुरूप सजायको कानुनी प्रावधान तर्जुमा गर्नुपर्ने ।
- बलात्कार, बलात्कार दुस्प्रयास, यौन दुर्व्यवहारका घटनाको उजुरीको हदम्याद बढाउनुपर्ने । यस्ता अपराधलाई गाउँस्तरमा मिलाउने सरकारका राष्ट्रसेवकलगायत अन्यलाई कानुनी कारबाहीको प्रावधान राखी कानुन तर्जुमा गर्ने ।
- बोक्सीका आरोपमा गरिएका प्रताडना र दुर्व्यवहारबाट भएको मानसिक, सामाजिक, पारिवारिक पीडाबोधको कुनै हर्जाना हुन सक्दैन । पीडकबाट प्राप्त जरिवाना यसर्थ हानिपूरण स्वरूप पीडितलाई उपलब्ध गराउने ।
- बहुविवाह पीडित महिलालाई सहज कानुनी सेवा र आर्थिक आत्मनिर्भरताका लागि सहयोग गर्ने ।
- हिंसा पीडित महिलालाई संरक्षण गर्न ल्याइएको संरक्षण गृहलाई ७५ ओटै जिल्लामा व्यवस्थित गर्नुपर्ने साथै यस्ता महिलालाई स्वआर्जन, आयआर्जन तथा रोजगारका लागि राज्यले नीति निर्माण गर्नुपर्ने ।
- प्रधानमन्त्री कार्यालयअन्तर्गत रहेको महिला हिंसासम्बन्धी कार्यालयलाई महिला हिंसासम्बन्धी अध्ययन अनुसन्धान गर्ने निकायका रूपमा परिचालन गर्ने । महिला हिंसा बढी हुने क्षेत्रको पहिचान गरी विशेष घुम्ती कार्यालय सञ्चालन गर्ने ।
- अन्तर्राष्ट्रिय सन्धिसम्बन्धी प्रतिबद्धताको लागि राष्ट्रिय कानुनहरूमा सोहीअनुरूपको परिमार्जन गर्ने ।
- लिङ्गका आधारमा हुने हिंसाका घटनाको उजागर गर्न नागरिक समाज, सञ्चार माध्यम लगायत सरोकारवालाहरू सक्रिय हुनुपर्ने ।


इन्सेक insec

मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**नागार्जुन नपा-१३, स्यूचाटार, काठमाडौं पत्र मञ्जुषाः २७२६, काठमाडौं**

**फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१**

**इमेलः** insec@insec.org.np **वेबसाइटः** www.insec.org.np, www.inseconline.org